# भंगहा नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ | संख्या : ७ | मितिः २०८१/०९/०७

भाग-२

# स्थानीय सेवाका कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

# स्थानीय सेवाका कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**नगर कार्यपालिकाबाट स्वीकृत मिति :२०८१।०७।१४**
**नगर कार्यपालिकाबाट संशोधान मिति : २०८१/०९/०२**

स्थानीय सेवाका कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई संशोधन गर्न बाञ्छनीय भएकोले भंगहा नगरपालिकाको स्थानीय सेवाका कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ को दफा १२ ले दिएको अधिकार प्रयोग गरि भंगहा नगरपालिकाले यो कार्यविधि जारि गरेको छ |

९. **<u>तह/स्तर वृद्धि सम्बन्धि विषेश व्यवस्थाः</u>** (१) ऐनको दफा ४ को उपदफा ६ बमोजिम निजामति सेवा बाहेकका अन्य सेवा बाट स्थानीय तहमा समायोजन भइ सेवा अवधि ५ वर्ष पुरा गरेका तेस्रो, चौथों, पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई ऐनको दफा २९ को प्रक्रिया पुरा गरी क्रमशः छैटौं, आठौं र दशौं तहमा एक तह/स्तर वृद्धि गरिनेछ ।

(२) स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ बमोजिम नियुक्ति मिति देखि नै अधिकृतस्तर सातौं तह कायम भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन समेत नियुक्ति मिति देखि नै अधिकृतस्तर सातौं तहको कार्यसम्पादन मुल्यांकन कायम गरिनेछ र ऐन को दफा २९ को उपदफा (१) बमोजिम प्रक्रिया पुरा गरी एक तह/स्तर वृद्धि गरिनेछ |

१४. **यसै कार्यविधिबाट भएको मानिने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि जारि हुनु भन्दा अघि ऐनको दफा ८ को उपदफा २२ बमोजिम गरेको काम कारवाही पनि यसै कार्यविधि अनुसार भएको मानिने छ |

भंगहा नगरपालिकाको स्थानीय राजपत्र

अनुसूची १

(कार्यविधिको दफा ३ को उपदफा २ सँग सम्बन्धित)

## तह/स्तर वृद्धि को लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः / /

**श्री प्र.प्र. अधिकृत यू**
**नगर कार्यपालिकाको कार्यालय,**
**भंगहा न.पा., महोत्तरी ।**

**विषयः- तह/स्तर वृद्धि गरि पाउँ बारे।**

प्रस्तुत विषयमा यस नगर कार्यपालिकाको कार्यालयको मिति / / गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह/स्तर वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

<u>तपसिल</u>

१. स्थायी नियुक्तिको पत्र ।
२.
३. नेपाली नागरिकताको प्रमाण पत्र ।
४. शैक्षिक योग्यताको प्रमाण पत्र ।
५.

| हालको पद/तह | तह/स्तर वृद्धि हुने पद/तह |
|---|---|
| सुरु नियुक्ति मितिः | जेष्ठता कायम हुने मितिः |
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समुहः | समूहः |

माथि उल्लेकीत सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

<u>**निवेदक**</u>
नामः
दस्तखतः
क.सं. नम्बरः

आज्ञाले,
विजय कुमार यादव
प्रमुख प्रशासकिय अधिकृत

भंगहा नगरपालिकाको स्थानीय राजपत्र